आज मिति २०८२ साल पौष १३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८२/८३ को छैटौं बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | राधा |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुरजी तिवारी | उपसचिव | |
| २ | कल्पना पौडेल रेग्मी | लेखा अधिकृत | |
| ३ | विवेक कुमार पण्डित | प्र.प्रशासकीय अधिकृत | |
| ४ | भुवन मिश्र | इ. प्र. अ. | |

**नगर-कार्यपालिकाको मिति २०८२/०९/१३ गतेको आ.व. २०८२/८३ को छैटौं बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८२/०८/१५ गते बसेको आ.व २०८२/८३ को पाँचौ बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

सुन्दरबजार नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशन मिति २०८२ पौष २० गते दिनको ११ बजे सुन्दरबजार नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने ।

**निर्णय नं ३**

विधायन समितिबाट पेश भएको तपशिल अनुसार विधेयक उपर छलफल गरियो । साथै उक्त विधेयकहहरु उपर सरोकारवालाहरु सँग थप छलफल गरी आगामी बैठकमा पेश गर्ने ।

१. सुन्दरबजार नगरपालिकाको खानेपानी बोर्ड गठन तथा संचालन गर्न वनेको विधेयक, २०८२
२. सुन्दरबजार नगरपालिकाको नगर प्रहरी सम्वन्धी व्यवस्था गर्न वनेको विधेयक, २०८२
३. सुन्दरबजार नगरपालिकाका आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धी विधेयक, २०८२

**निर्णय नं ५**

मौजुदा दरवन्दीको अवस्था र संगठनको जनशक्ति आवश्यकताको अध्ययन गरी नगर प्रहरी समेतको दरबन्दी समावेश गर्ने गरी सुन्दरबजार नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन परिमार्जनको लागि सैद्धान्तिक सहमती प्रदान गर्ने र मिति २०८२ माघ २५ गते भित्र प्रतिवेदन पेश गर्ने गरी गण्डकी प्रदेशको "स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८०" को दफा २२ वमोजिम तपशिल अनुसार सर्वेक्षण समिति गठन गर्ने ।

तपशिल

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | रमेश घर्ति | संयोजक |
| प्रशासकीय अधिकृत | विवेक कुमार पण्डित | सदस्य |
| लेखा अधिकृत | कल्पना पौडेल रेग्मी | सदस्य |
| सहायक प्रशासकीय अधिकृत | राजिव घिमिरे | सदस्य सचिव |

**निर्णय नं. ६**

लमजुङ जिल्ला अदालतको च.नं १०५१ मिति २०८२/०८/२४ गतेको पत्र अनुसार यस नगरपालिका वडा नं ४ मा रहेको मिलनवस्ति घाटमा नदी जन्य पदार्थ उत्खनन् संकलन तथा बिक्रीका लागि दाखिला गरेको रु १,८२,८३० र धरौटी रकम रु २५००० गरी जम्मा रु २,०७,८३० त्रिलोचन गौली (रेशम एण्ड गौली कन्स्ट्रक्सन) लाई राजस्व फिर्ता शिर्षकुवाट रकम फिर्ता दिने र कुमारी बैंक लिमिटेड, काठमाण्डौवाट मिति २०८० फागुन १७ गते जारी रु १,८०,८०० बैंक ग्यारेण्टी नं 2590UTBG242154 को बैंक ग्यारेन्टी फुकुवा गर्ने ।

**विविध प्रस्तावका निर्णयहरु :**

क. यस नगरपालिका वडा नं ११ का वडा अध्यक्ष श्री ओम वहादुर दुराको घुँडामा समस्या भई आविश्कार अस्पताल पोखरामा र यस नगरपालिकामा असिस्टेन्ट सब ईन्जिनियर पदमा कार्यरत अनिल बडाल अल्सर भई सि एम सि अस्पताल, चितवनमा उपचार भएकोले सुन्दरबजार नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०८२ वमोजिम ओम वहादुर दुरालाई रु ३० हजार र अनिल वडाललाई रु ५० हजार आर्थिक उपचार सहयोग खर्च शिर्षकवाट उपचार सहयोग उपलब्ध गराउने ।

२०८२/०९/१३

CamScanner

ख. चिकित्सा सेवा आयोगको एकीकृत परीक्षा (MECEE-2026) मा उत्तिर्ण भएका नगरपालिकामा कार्यरत तपशिल अनुसारका कर्मचारीहरुलाई हाल कार्यरत संस्थाहरुमा अन्य कर्मचारी व्यवस्थापन गरी पब्लिक हेल्थ अध्ययनका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनको दफा (७१) र (७२) बमोजिमको शर्त कायम हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीको नियम (१२०) बमोजिम ३ वर्ष तलबी अध्ययन बिदा स्वीकृति गर्ने ।

तपशिल

| सि.नं | नाम थर | पद | कार्यरत संस्था |
|---|---|---|---|
| १ | धिरेन्द्र कुमार महरा | हे.अ | सुन्दरबजार अस्पताल |
| २ | बुध राज योङहाङ्ग | हे.अ | सुन्दरबजार अस्पताल |
| ३ | समिक्षा किरण बुढामगर | हे.अ | दुराडाँडा स्वास्थ्य चौकी |

ग. सुन्दरबजार अस्पतालमा विहान ७ बजेदेखी साँझ ७ बजेसम्म ल्याव सञ्चालनका लागि सुन्दरबजार नगरपालिका कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी नियमानुसार कर्मचारी भर्ना गर्न सुन्दरबजार अस्पताल व्यवस्थापन समितिलाई स्वीकृती प्रदान गर्ने ।

घ.. यस नगरपालिकामा विभिन्न कार्यक्रम सञ्चालनको लागि आर्थिक सहयोग माग गर्ने तपशिल अनुसारका संस्था/व्यक्तिहरुलाई कार्यक्रम सञ्चालनका लागि सहयोग उपलब्ध गराउने ।

तपशिल

| सि.नं | संस्थाको नाम | प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | मालपोत कार्यालय,लमजुङ | कार्यालय व्यवस्थापन | ७५००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |
| २ | नेपाल नगरपालिका संघ, काठमाण्डौ | सदस्यता शुल्क | २५००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |
| ३ | भोटेवडार शहरी स्वास्थ्य केन्द्र, भोटेवडार र चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र, चन्द्रेश्वर | लागत अनुमान तयार गरी एनलाईर मेसिन खरिद गर्ने | | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च औजार मर्मत |
| ४ | लमजुङ नेत्रहीन संघ, सिउडीवार | पुस्तक प्रकाशन | ४०००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |
| ५ | मर्स्याङ्दी कराते डोजो, लमजुङ | कराते प्रतियोगिता सञ्चालन | ५०००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |
| ६ | सिन्दुरे ढुङ्गा संरक्षण सम्वर्द्धन संस्था, सु.न.पा ११ | एकता दिवस सिन्दुरे ढुङ्गा पुजा | ३०००० | चाडपर्व तथा विविध दिवस सञ्चालन कार्यक्रम |
| ७ | कृष्ण के.सी पार्क मर्मत सम्भार , सु.न.पा १० | पार्क मर्मत सम्भार | ५०००० | विविध पुँजीगत खर्च |
| ८ | त्रिवेणी युवा क्लव, वेशिसहर | त्रिवेणी कप सञ्चालन | ३०००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |
| ९ | तमु ह्युल समाज, सुन्दरबजार | संयुक्त ल्होसार कार्यक्रम सञ्चालन | ३०००० | चाडपर्व तथा विविध दिवस सञ्चालन कार्यक्रम |
| १० | गौलीटार क्षेत्रीय खेल मैदान | खेलकुद प्रतियोगिता सञ्चालन | ३०००० | गैर सरकारी तथा अन्य संघ संस्था सँग साझेदारी |

२०८२।०१।१३

२०८२।०१।१३

CS CamScanner